# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, जेठ १५ गते, २०८२ साल (अतिरिक्ताङ्क ६


## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ५

### मदिरा (चौथो संशोधन) नियमहरू, २०८२

मदिरा नियमहरू, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मदिरा ऐन, २०३१ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "मदिरा (चौथो संशोधन) नियमहरू, २०८२" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **मदिरा नियमहरू, २०३३ को नियम ६ मा संशोधनः** मदिरा नियमहरू, २०३३ को नियम ६ को,-

(१) उपनियम (३) र (४) को सट्टा देहायका उपनियम (३) र (४) राखिएका छन्: -

"(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने बाहेकका इजाजतपत्रवालाले इजाजतपत्रको अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पच्चिस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र त्यसपछि सो आर्थिक वर्षको बाँकी अवधि र इजाजतपत्रको प्रत्येक अवधिको लागि शत प्रतिशतको दरले जरिबाना बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

(४) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले इजाजतपत्रको अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र शत प्रतिशत र त्यसपछिको सो आर्थिक वर्षको बाँकी अवधि र इजाजतपत्रको प्रत्येक अवधिको लागि दुई सय प्रतिशतको दरले जरिबाना बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।"

(२) उपनियम (४क) झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ६

### मूल्य अभिवृद्धि कर (सत्ताइसौं संशोधन) नियमावली, २०८२

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (सत्ताइसौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १६क. मा संशोधनः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १६क. मा रहेको "उपभोक्तालाई" भन्ने शब्दको सट्टा "प्रयोगकर्तालाई" भन्ने शब्द राखी सोही दफाको खण्ड (क), (ङ) र (च) मा रहेका "प्राप्त गरेमा" भन्ने शब्दहरुको सट्टा "प्रदान गरेमा" भन्ने शब्दहरु राखिएका छन्।

## सूचना ३

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ७

### आयकर (सोह्रौं संशोधन) नियमावली, २०८२

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "आयकर (सोह्रौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आयकर नियमावली, २०५९ को नियम २० मा संशोधनः** आयकर नियमावली, २०५९ को नियम २० को सट्टा देहायको नियम २० राखिएको छः-

"**२०. अवकाश भुक्तानीमा कर छुट सम्बन्धी व्यवस्थाः** अवकाश भुक्तानी गर्दा देहायका रकमका सम्बन्धमा देहाय बमोजिम कर छुट हुनेछः-

(क) ऐन प्रारम्भ हुनुभन्दा अघिका आय वर्षहरूमा कर्मचारी वा कामदारको सञ्चय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा ब्याज लगायतका रकममा र सो अवधिसम्म पाकेको उपदान तथा सञ्चित बिदा बापतको रकममा कर छुट हुने, र

(ख) ऐन प्रारम्भ हुँदाका बखत सेवामा रहेका कर्मचारी वा कामदारलाई सेवाबाट अवकाश हुँदा निजहरूको सेवा सर्त सम्बन्धी कानून अनुसार भुक्तानी हुने एक लाख असी हजार रुपैयाँसम्मको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औषधि उपचार खर्च रकमलाई सो कर्मचारी वा कामदारको आयमा समावेश नगरिने।"

## सूचना ४

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ८

### अन्तःशुल्क (सत्ताइसौं संशोधन) नियमावली, २०८२

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अन्तःशुल्क (सत्ताइसौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम १४ मा संशोधनः** अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १४ को खण्ड (घ) मा रहेका "जाँचबुझ गरी" भन्ने शब्दहरू पछि "विभागले तोके बमोजिमका खिल्ली" भन्ने शब्दहरू थपिएका छन्।

३. **मूल नियमावलीको नियम १५ मा संशोधनः** मूल नियमावलीको नियम १५ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) बिक्री योग्य तयारी बिंडीलाई विभागले तोके बमोजिमको खिल्ली राखी प्याकिङ्ग गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **मूल नियमावलीमा नियम १५ख. थप:** मूल नियमावलीको नियम १५क. पछि देहायको नियम १५ख. थपिएको छः-

"**१५ख. चुरोट र बिँडी बाहेकका सुर्तीजन्य वस्तुको उत्पादन तथा बिक्री वितरण:** चुरोट र बिँडी बाहेकका सुर्तीजन्य वस्तु उत्पादन गर्ने इजाजतपत्रवालाले त्यस्तो वस्तु विभागले तोके बमोजिमको तौल र प्याकिङ्गमा उत्पादन गर्नु पर्नेछ।"

५. **मूल नियमावलीको नियम १६ मा संशोधन:** मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर निकासी प्रयोजनको लागि इजाजतपत्रवालाको माग बमोजिम विभागले अन्य यु.पी. शक्ति र साइजमा समेत उत्पादन र बोतलबन्दीको अनुमति दिन सक्नेछ।"

(२) उपनियम (५) पछि देहायका उपनियम (६), (७) र (८) थपिएका छन्:-

"(६) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा उत्पादन गर्न प्रयोग हुने कच्चा पदार्थ (स्प्रिट) को मेचुरेशन विभागले तोके बमोजिम गर्नु पर्नेछ।

(७) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा बिक्री गर्नको लागि प्रतिष्ठानको गोदामबाट बाहिर निकाल्दा अनुसूची-९ख. बमोजिमको ढाँचामा फाराम भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेश गरी बिक्री गर्ने स्वीकृति प्राप्त भएपछि सोको विवरण राख्नु पर्नेछ।

(८) सुर्तीजन्य वस्तु, मदिरा वा मदिराको कच्चा पदार्थको उत्पादक, पैठारीकर्ता वा सञ्चयकर्ता प्रतिष्ठानले उत्पादनस्थल, कच्चा पदार्थ राख्ने गोदाम, तयारी पदार्थ राख्ने गोदाम र निष्कासन गर्ने ठाउँमा विभागले निर्धारण गरेको सर्तको अधीनमा रही इन्टरनेट प्रोटोकल क्यामेराको जडान र प्रयोग गर्नु पर्नेछ ।"

६. **मूल नियमावलीको नियम ३०क. मा संशोधनः** मूल नियमावलीको नियम ३०क. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) विभागमा मौज्दात रही प्रयोगमा ल्याउन नमिल्ने अवस्थाका अन्तःशुल्क टिकट नष्ट गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) विभागको अन्तःशुल्क हेर्ने महाशाखा प्रमुख - संयोजक

(ख) महानिर्देशकले तोकेको विभागको अन्तःशुल्क शाखाको निर्देशक - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(घ) कोष तथा लेखा नियन्त्रक कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) जिल्ला सरकारी वकिल कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(च) जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(छ) विभागको अन्तःशुल्क शाखाको अधिकृत - सदस्य-सचिव”

७. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-२ र अनुसूची-४च. को सट्टा यसैसाथ संलग्न भए बमोजिमका अनुसूची-२ र अनुसूची-४च. राखिएका छन् ।

(२) अनुसूची-९क. पछि यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-९ख. थपिएको छ ।

८. **रुपान्तरः** मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छः-

(क) "विलम्ब दस्तुर" भन्ने शब्दहरूको सट्टा "विलम्ब शुल्क",

(ख) "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरूको सट्टा "सुर्तीजन्य वस्तु" ।

९. **खारेजीः** मूल नियमावलीको नियम ६घ. खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-२

(नियम ३ र ५ सँग सम्बन्धित)

**इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर**

इजाजतपत्र लिनुपर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछः-

| क्र.सं. | विवरण | इजाजतपत्र दस्तुर | नवीकरण दस्तुर |
|---|---|---|---|
| **१.** | **मदिरा र सुर्तीजन्य वस्तु उत्पादनतर्फ** | | |
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.२५,००,०००।- | रु. २,५०,०००।- |
| (ख) | बियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. २५,००,०००।- | रु. २,५०,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. २५,००,०००।- | रु. २,५०,०००।- |
| (घ) | वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु. १०,००,०००।- | रु. १,००,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु. २५,००,०००।- | रु. २,५०,०००।- |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ५०,००,०००।- | रु. ३,००,०००।- |
| (छ) | विद्युतीय चुरोट (भेप) उत्पादनको लागि | रु.२५,००,०००। | रु. २,००,०००।- |
| (ज) | पानमसला, खैनी, जर्दा, नश, सुर्ती तथा | रु. २०,००,०००।- | रु. २,००,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | सुर्तीजन्य वस्तु (चुरोट बाहेक) उत्पादन गर्नेको लागि | | |

| | | | |
|---|---|---|---|
| **२.** | **मदिरा बिक्री वितरणतर्फ** | | |
| (क) | होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि | | |
| (१) | पाँचतारे होटल | रु. ७५,०००।- | रु. ७५,०००।- |
| (२) | चारतारे होटल | रु. ६०,०००।- | रु. ६०,०००।- |
| (३) | तीनतारे होटल | रु. ४५,०००।- | रु. ४५,०००।- |
| (४) | दुईतारे होटल | रु. ३०,०००।- | रु. ३०,०००।- |
| (५) | एकतारे होटल | रु. १५,०००।- | रु. १५,०००।- |
| (६) | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री गर्ने पर्यटकस्तरको रेष्टुरेण्ट, रिसोर्ट तथा पार्टी प्यालेस | रु. ११,०००।- | रु. ११,०००।- |
| (७) | स्वदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु.६,०००।- | रु.६,०००।- |
| (८) | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री गर्ने क्यासिनो | रु.७५०००। | रु.७५०००। |
| (ख) | मदिरा बिक्रेताको लागिः | | |
| (१) | मदिरा वितरक | रु. ४५,०००।- | रु. ४५,०००।- |
| (२) | थोक बिक्रेता | रु. ३०,०००।- | रु. ३०,०००।- |
| (३) | स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा बिक्रेता | रु. १५,०००।- | रु. १५,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| (४) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु.११,०००।- | रु.११,०००।- |
| (५) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका बाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु. ६,०००।- | रु. ६,०००।- |
| (६) | डिपार्टमेण्टल स्टोर | रु. ३०,०००।- | रु. ३०,०००।- |
| (ग) | मदिरा निकासी तथा पैठारीकर्ताको लागिः | | |
| (१) | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु.६०,०००।- | रु.६०,०००।- |
| (२) | मदिरा निकासीकर्ता | रु.६,०००।- | रु.६,०००।- |
| **३.** | **पैठारी तथा अन्य वस्तु खरिद बिक्री तर्फः** | | |
| (क) | विदेशी चुरोट, सिगार, विद्युतीय चुरोट (भेप) र हिटेड टोबाको पैठारी गर्नेको लागि | रु. ६०,०००।- | रु. ६०,०००।- |
| (ख) | सुर्ती तथा सुर्तीजन्य वस्तु (विदेशी खैनी, जर्दा, नश, पानमसला, गुटखा तथा हुक्का फ्लेवर आदि) पैठारी गर्नेको लागि | रु. ६०,०००।- | रु. ६०,०००।- |
| (ग) | चुरोट, विद्युतीय चुरोट (भेप), | रु. १२,०००।- | रु. १२,०००।- |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | हिटेड टोबाको, खैनी, जर्दा, नश, सुर्ती, पानमसला, गुट्खा, हुक्का फ्लेवर तथा सुर्तीजन्य वस्तु थोक बिक्री | | |
| (घ) | चुरोट, विद्युतीय चुरोट (भेप), हिटेड टोबाको, खैनी, जर्दा, नश, सुर्ती, पानमसला, गुट्खा तथा हुक्का फ्लेवर खुद्रा खरिद बिक्री गर्नेको लागि | रु. ३,०००।- | रु. ३,०००।- |
| (ङ) | विदेशी खुँदो र गुँड पैठारी गर्नेको लागि | रु. २५,०००।- | रु. २५,०००।- |
| (च) | खुँदो, गुँड र स्प्रिट खरिद बिक्री (निकासी समेत) गर्नेको लागि | रु. १०,०००।- | रु. १०,०००।- |
| (छ) | नेपाल बाहिर चुरोट र अन्य सुर्तीजन्य वस्तुहरू निकासीकर्ता | रु. ६,०००।- | रु. ६,०००।- |
| (ज) | पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागिः | | |
| | (१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) | रु. ३०,०००।- | रु. ३०,०००।- |
| | (२) होरिजेन्टल रोलर | रु. ६०,०००।- | रु. ६०,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर भन्दा बढीको) | | |
| (झ) | खण्ड (क) देखि (ज) सम्म उल्लेख नभएका तर पैठारी गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि | रु. १५,०००।- | रु. १५,०००।- |
| ४. | माथि क्र.सं. १, २ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पुँजीको आधारमा प्रत्येक एक लाख रूपैयाँ स्थिर पुँजी भएको प्रतिष्ठानलाई साठी रूपैयाँका दरले उत्पादन ईजाजतपत्र दस्तुर लाग्नेछ। यस्तो ईजाजतपत्र दस्तुर न्यूनतम एघार हजार रूपैयाँभन्दा कम र अधिकतम साठी हजार रूपैयाँ भन्दा बढी हुने छैन। | | |
| ५. | यस अनुसूची बमोजिमको दस्तुर औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | दस्तुर लाग्नेछ। | | |
| ६. | **मदिराजन्य तथा सुर्तीजन्य नयाँ ब्राण्डको लागिः** | | |
| | (क) मदिराजन्य उत्पादनको नयाँ ब्राण्ड उत्पादन अनुमतिको लागि | रु.३,००,०००।- | ० |
| | (ख) चुरोट उत्पादनको नयाँ ब्राण्ड उत्पादन अनुमतिको लागि | रु. ५,००,०००।- | ० |
| | (ग) चुरोट बाहेकका सुर्तीजन्य वस्तु उत्पादनको नयाँ ब्राण्ड उत्पादन अनुमतिको लागि | रु.१,००,०००।- | ० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-४च.**

(नियम १३ग. सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

(सुर्तीजन्य पदार्थ तथा भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानको लागि)

**अन्तःशुल्क विवरण फाराम**

| वर्षः........महिनाः...... | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जुन महिनाको हो त्यसमा (✓) चिन्ह लगाउनुहोस्।

स्थायी लेखा नम्बर [ ]

अन्तःशुल्क इजाजत [ ] नम्बर

नाम ________________________________

ठेगाना ________________________________

यस अवधिमा कारोबार नगरेको भए तलको महलमा शून्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस्। एक रुपैयाँ घटी भएमा पैसालाई एक रुपैयाँमा मिलान गरी विवरण भर्नुहोस्।

| | कारोबार मूल्य | खरिदमा तिरेको अन्तःशुल्क | खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट | बिक्रीमा सङ्कलन गरेको अन्तःशुल्क डेबिट |
|---|---|---|---|---|
| १. बिक्री | | | | |
| १.१. अन्तःशुल्कयोग्य निष्कासन/बिक्री | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.२ निकासी | | | | |
| २. खरिद/पैठारी | | | | |
| २.१. अन्तःशुल्क योग्य कच्चापदार्थ खरिद | | | | |
| २.२. अन्तःशुल्क योग्य अन्य पदार्थ खरिद | | | | |
| २.३. अन्तःशुल्क योग्य कच्चापदार्थ पैठारी | | | | |
| २.४. अन्तःशुल्क योग्य अन्य पदार्थ पैठारी | | | | |
| २.५. छुट खरिद | | | | |
| २.६. छुट पैठारी | | | | |
| ३. अन्य | | | | |
| ३.१. अन्य थपघट | | | | |
| ३.२ खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क क्रेडिट | | | | |
| ४. जम्मा | | | | |

५. डेबिट-क्रेडिट (+) वा (-) :...............

६. गत महिनाको मिलान गर्न बाँकी क्रेडिट .....................

७. कुल तिर्नु पर्ने अन्तःशुल्क रु.(५-६) (+) वा (-): .................

८. कर फिर्ता माग गरिएको रकम (निकासीको आधारमा): ............

९. स्वास्थ्य जोखिम कर बापत दाखिल गर्नुपर्ने रकम रु. .............

१०. कर अवधिमा प्रयोग गरिएका कागजातहरूको सङ्ख्याः. ...........



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| प्रकार | बीजकको सुरु सङ्ख्या | बीजकको अन्तिम सङ्ख्या | जम्मा बीजक सङ्ख्या |
|---|---|---|---|
| प्राप्त बीजक | | | |
| जारी गरिएको बीजक | | | |
| क्रेडिट नोट | | | |
| डेबिट नोट | | | |

म,.........................(पूरा नाम) यस अन्तःशुल्क विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पूरा भएको व्यहोरा प्रमाणित गर्दछु।

मिति :...............................

हस्ताक्षरः .................।    पदः...........................।

कार्यालय प्रयोजनको लागि मात्र

---

कम्प्युटर दर्ता

मिति ......../.........../...........

.........

.........

.........

.........

अन्तःशुल्क अधिकृत

नाम थरः

**<u>नोट</u>**ः परिमाणको आधारमा अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले सुरु मौज्दात, उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरण साथ संलग्न गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–९ख.

(नियम १६ को उपनियम (७) सँग सम्बन्धित)

## **प्रतिष्ठानको गोदाम क्षेत्रबाट मदिरा निष्कासन गर्ने फाराम**

१. निष्कासन फाराम नं.

२. प्रतिष्ठानको नाम र ठेगाना

३. उत्पादन इजाजतपत्र नं.

४. थोक खरिद बिक्री इजाजतपत्र सङ्ख्या

५. स्थायी लेखा नम्बर

६. खरिदकर्ताको,-

(क) नाम र ठेगाना

(ख) स्थायी लेखा नम्बर

(ग) अन्तःशुल्क इजाजत पत्र नम्बर

(घ) अन्तःशुल्क इजाजतपत्र जारी गर्ने कार्यालयको नाम

७. (क) ढुवानी साधन र नम्बर

(ख) चालकको नाम

८ मिति

९. समय

| क्र. सं. | ब्राण्डको नाम/कार्टुन सङ्ख्या | ब्याच नम्बर/ उत्पादन मिति | मदिराको शक्ति, साइज र बोतल सङ्ख्या | बिक्री परिमाण (लिटर/ एल.पि. लिटर | अन्तःशुल्क | | मूल्य अभिवृद्धि कर | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अन्तः शुल्क दर | जम्मा अन्तः शुल्क | मूल्य अभिवृद्धि कर लाग्ने मूल्य | जम्मा मूल्य अभिवृद्धि कर | बुझाउने अन्तिम मिति | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | |
|---|---|---|
| निरीक्षकको,- | प्रतिष्ठान धनी वा प्रतिनिधिको,- | अन्तःशुल्क अधिकृतको,- |
| दस्तखत | दस्तखत | दस्तखत |
| नाम | नाम | नाम |
| मिति | मिति | मिति |
| समय | समय | समय |

जम्मा अन्तःशुल्क अङ्कमा रु.

अक्षरमाः

जम्मा मूल्य अभिवृद्धि कर अङ्कमा रु.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अक्षरमाः

जम्मा रू...............................

<u>द्रष्टव्यः</u>

१. माग फाराम देहाय बमोजिम चार प्रति बनाउनु पर्नेछः-

(क) पहिलो प्रति (रातो रङ्गको मालसामानसाथ लैजानु पर्नेछ)

(ख) दोस्रो प्रति (पँहेलो रङ्गको भौचरसाथ प्रतिष्ठानको धनीले आन्तरिक राजस्व कार्यालयमा पेश गर्नु पर्नेछ)

(ग) तेस्रो प्रति (हरियो रङ्गको अन्तःशुल्क निरीक्षकले कार्यालयमा पेश गर्नु पर्नेछ)

(घ) चौथो प्रति (सेतो रङ्गको प्रतिष्ठानको फाइलमा रहनेछ)

२. अन्तःशुल्क (अन्तःशुल्क टिकट शुल्क लाग्नेमा सो समेत) अग्रिम दाखिला भएको प्रमाण पेश भएपछि मात्र माग फाराम काटिनेछ।

३. अन्तःशुल्क दर उल्लेख भएको महलमा आर्थिक ऐनको दरबन्दी बमोजिमको दर उल्लेख गर्नु पर्नेछ।"

# सूचना ५

## संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ९

## <u>भन्सार (सोह्रौं संशोधन) नियमावली, २०८२</u>

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "भन्सार (सोह्रौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **भन्सार नियमावली, २०६४ को नियम ६६घ. मा संशोधन**: भन्सार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६६घ. को उपनियम (२) को खण्ड (ख) झिकिएको छ।

३. **मूल नियमावलीको नियम ६६घ१. मा संशोधन**: मूल नियमावलीको नियम ६६घ१. को उपनियम (३) झिकिएको छ।

## सूचना ६

## संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर १०

## भन्सार महसुल (पहिलो संशोधन) नियमावली, २०८२

भन्सार महसुल नियमावली, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार महसुल ऐन, २०८१ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरूको नाम "भन्सार महसुल (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **भन्सार महसुल नियमावली, २०८१ को नियम ५ मा संशोधन** : भन्सार महसुल नियमावली, २०८१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,-

(१) उपनियम (१) मा रहेका "कुनै वस्तु मर्मत गर्न वा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) उपनियम (१) बमोजिम अस्थायी निकासी गर्दा निकासीकर्ताले अस्थायी निकासी हुने वस्तुको मूल्यको एक प्रतिशतले हुने रकम नगद धरौटी वा बैङ्क जमानत दाखिल गर्नु पर्नेछ।"

३. **मूल नियमावलीको नियम ७ मा संशोधन**: मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छः-

"(४क) उपनियम (४) बमोजिम थप भएको म्याद समेत नपुग हुने भएमा भन्सार अधिकृतले म्याद थप गर्नु पर्ने आधार र कारण सहित महानिर्देशक समक्ष स्वीकृतिका लागि लेखी पठाउनु पर्नेछ। महानिर्देशकले म्याद थप गर्न स्वीकृति दिएमा सोही बमोजिम भन्सार अधिकृतले म्याद थप गर्न सक्नेछ।"

(२) उपनियम (५) मा रहेका "उपनियम (३) वा (४)" भन्ने शब्दहरूको सट्टा "उपनियम (३), (४) वा (४क)" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को,-

(१) नियम शीर्षकको शुरुमा "भन्सार" भन्ने शब्द थपिएको छ।

(२) उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) चालू आर्थिक वर्षको बाँकी अवधि वा आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाण,"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम १६ मा संशोधनः** मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) को ठाउँ-ठाउँमा रहेको "कच्चापदार्थ" भन्ने शब्दहरू पछि "वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत)" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (२) मा रहेका "र सोको" भन्ने शब्दहरू पछि "अतिरिक्त भन्सार महसुल वा कृषि सुधार शुल्कको" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) करमुक्त पसल सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्तिले त्यस्तो करमुक्त पसलबाट बिक्री गर्नको लागि पैठारी गर्ने वस्तुमा लाग्ने महसुल र सोको अतिरिक्त भन्सार महसुल वा कृषि सुधार शुल्कको पन्ध्र प्रतिशतले हुने थप रकम बराबरको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ। त्यसरी वस्तु पैठारी गर्दा विभागबाट त्यस्तो वस्तु र परिमाणको स्वीकृति लिनु पर्नेछ।"

६. **मूल नियमावलीको नियम १९ मा संशोधनः** मूल नियमावलीको नियम १९ को,-

(१) उपनियम (१) मा रहेका "नियम १७ को अवधि" भन्ने शब्दहरू पछि "समाप्त भएको पन्ध्र दिन" भन्ने शब्दहरू र "सो अवधि" भन्ने शब्दहरू पछि "समाप्त भएको पन्ध्र दिन" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) मा रहेका "उपनियम (५) बमोजिमको अवधि" भन्ने शब्दहरू पछि "समाप्त भएको पन्ध्र दिन" भन्ने शब्दहरू र "सो अवधि" भन्ने शब्दहरू पछि "समाप्त भएको पन्ध्र दिन" भन्ने शब्दहरू थपिएका छन्।

७. **मूल नियमावलीको नियम २१ मा संशोधनः** मूल नियमावलीको नियम २१ को उपनियम (२) र (३) मा रहेका "भन्सार महसुल" भन्ने शब्दहरू पछि "वा कृषि सुधार शुल्क" भन्ने शब्दहरू थपिएका छन्।

८. **मूल नियमावलीको नियम २३ मा संशोधनः** मूल नियमावलीको नियम २३ को ठाउँ ठाउँमा रहेका "कच्चापदार्थ" भन्ने शब्दहरू पछि "वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत)" भन्ने शब्दहरू थपिएका छन्।

९. **मूल नियमावलीको नियम २४ मा संशोधनः** मूल नियमावलीको नियम २४ को,-

(१) नियम शीर्षकमा रहेको "कच्चापदार्थको" भन्ने शब्द पछि "भन्सार" भन्ने शब्द थपिएको छ।

(२) उपनियम (२) मा रहेका "जाँचबुझ गरी" भन्ने शब्दहरू पछि "भन्सार" भन्ने शब्द थपिएको छ।

१०. **मूल नियमावलीको नियम २५ मा संशोधनः** मूल नियमावलीको नियम २५ को,-

(१) उपनियम (१) मा रहेका "आवश्यक कच्चापदार्थ" भन्ने शब्दहरू पछि "वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत)" भन्ने शब्दहरू थपिएका छन् र "लाग्ने महसुल" भन्ने शब्दहरूको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्क" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "लाग्ने महसुल" भन्ने शब्दहरूको सट्टा "लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्क" भन्ने शब्दहरू राखिएका छन्।

११. **मूल नियमावलीको नियम २७ मा संशोधन**: मूल नियमावलीको नियम २७ मा रहेका "सदरस्याहा गरी" भन्ने शब्दहरू पछि "लाग्ने महसुल र सोको अतिरिक्त" भन्ने शब्दहरू र "भन्सार महसुल" भन्ने शब्दहरू पछि "वा कृषि सुधार शुल्क" भन्ने शब्दहरू थपिएका छन्।

१२. **मूल नियमावलीको नियम ३१ मा संशोधन**: मूल नियमावलीको,-

(१) नियम शीर्षकमा रहेको "जरिबाना" भन्ने शब्दको सट्टा "कृषि सुधार शुल्क" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (१) मा रहेका "महसुल वा जरिबाना" भन्ने शब्दहरुको सट्टा "भन्सार महसुल वा कृषि सुधार शुल्क" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले,**
**दिनेश कुमार घिमिरे**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।